BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# 'अग्रगामी कथा'मा नारीचेतना

**दामोदर रिजाल**

नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, भरतपुर, चितवन
E-mail: drijal2011.dr@gmail.com

Received: July 30, 2022, Accepted: Nov. 30, 2022

**सारसङ्क्षेप**

*नारीवादी आन्दोलनको उपलब्धिका रूपमा पाश्चात्य साहित्यशास्त्रमा स्थापित नारीवादी समालोचना नितान्त नौलो पद्धति र दृष्टिकोण हो । यसले साहित्यिक कृतिहरूमा नारीसमस्याका रूपमा देखापरेका पितृसत्तात्मक व्यवस्थाका मूल्यमान्यताको प्रतिरोध र प्रतिवादका लागि सशक्त नारीचरित्र र नारीकेन्द्री चिन्तनको अपेक्षा गरेको हुन्छ। पुँजीवाद र पितृसत्ताको अन्तर्सम्बन्धमा व्यापक विमर्श चाहने नारीवादी समालोचनाको मूल आधार नारीचेतनामा एकातिर आर्थिक–सांस्कृतिक पक्षका विसङ्गतिलाई नछिमल्दासम्म नारीउत्पीडन र शोषण यथावत् रहने कुरा गरिएको छ भने अर्कातिर यसले सामाजिक विभेद, पुरुषकेन्द्री परनिर्भरता, लैङ्गिक हिंसा र परम्परित विवाहप्रथा नारीमुक्तिका बाधक हुन् भन्ने मान्यता अगाडि सारेको छ। नारीस्वतन्त्रताको वकालत गर्ने यस चेतनाका अनुयायीहरूले महिलासमस्याका बहुआयाममा ध्यान केन्द्रित गर्दै अत्याचारहीन, शोषणमुक्त र समतामूलक नारीसत्ताका लागि नारीस्रष्टा नै सक्रिय हुनुपर्ने आवाज बुलन्द गरेका छन् । नेपाली कथासाहित्यमा नारीहरूका अनेक पीडा र भोगाइलाई पुरुषसत्ताका आवरणमा प्रस्तुत गर्न मनपराउने पद्मावती सिंहको 'अग्रगामी' कथा नारीवादी चेतनालाई अभिव्यक्ति दिने सशक्त रचना भएकाले यसको अध्ययनमा नारीचेतनाका सैद्धान्तिक परिप्रेक्ष्यलाई सहयोगी बनाइएको छ। विवाहप्रथाका आडमा यथास्थितिवादी पुरुषसत्ताका कारण नारीहरूले भोगेका नारीउत्पीडन र शोषण, नारीको वैयक्तिक स्वतन्त्रता र स्वाभिमानलाई महत्त्व नदिने र नारीजीवनलाई मूल्यहीन ठान्ने तथा नारीअस्मिताको अवमूल्यन गर्ने पुरुषचिन्तनलाई मुख्यरूपमा विवेचनाको परिधिभित्र राखिएको छ र यस कथाकी केन्द्रीय चरित्र उर्वराका कार्यव्यापारबाट अभिव्यक्त नारीवादी चेतनाका अनेक पक्षहरूको साक्ष्यसहित समीक्षा गर्दै यस अध्ययनमा पाठपरक निष्कर्ष दिइएको छ।*

**शब्दसूची** : *आत्मनिर्भरता, नारीस्वतन्त्रता, पुरुषउत्पीडन, लैङ्गिकता, विवाहप्रथा।*

## १.१ विषयपरिचय

काठमाडौँली माथेमापरिवारका परशुरामभक्त माथेमा र चन्द्रभुवनेश्वरी माथेमाकी कान्छी सुपुत्रीका रूपमा २००५ साल वैशाखमा जन्मेर हुर्के-बढेकी पद्मावती सिंहले स्थानीय कन्या मन्दिरबाट प्रथम श्रेणीमा माध्यमिक शिक्षा उत्तीर्ण गरेकी छिन् । अङ्ग्रेजी साहित्यमा स्नातक यिनी घरपरिवारभित्रकै साङ्गीतिक-साहित्यिक वातावरणबाट उत्प्रेरित भई सानै उमेरमा अर्थात् विद्यालयतहमै साहित्यसृजनातर्फ आकृष्ट भएकी हुन् । २०२२ सालमा 'पत्थरको हृदय' कथा *आरती* पत्रिकामा प्रकाशित भएपछि पद्मावती सिंहको औपचारिक कथायात्रा प्रारम्भ भएको हो र आजसम्म यिनका *कथादि* (२०३८), *कथायाम* (२०३९), *कथाकार* (२०४४), *पद्मावतीका कथाहरू* (२०५७), *मौन स्वीकृति* (२०६५) र *पद्मावती सिंहका प्रतिनिधि कथाहरू* (२०७६) गरी आठवटा कथासङ्ग्रह प्रकाशित भइसकेका छन् । लैङ्गिक विभेद र हिंसा, नारीउत्पीडन तथा आघात, नारीजीवनका उल्लास र चाहना, परम्परागत पुरुषचेतनाले दबाइएका महिलाहरूको मुक्तिको आवाजलाई कथ्य बनाएर समकालीन नेपाली समाज र नारीका विविध पाटाहरूलाई कथाहरूमा अभिव्यक्त गर्ने पद्मावती सिंह यथार्थवादी चेत भएकी प्रसिद्ध र सशक्त नारीकथाकार हुन् । नेपाली समाजमा नारीहरूको अस्तित्वहीन र निरीह उपस्थिति, नारीमुक्तिआन्दोलनमा त्यसले पुऱ्याएका अनेक अवरोधहरू, नारीहरूका धरातलीय समस्या र भोगाइलाई कथामा विषयवस्तु बनाउने सिंहले नारीसमस्याका आन्तरिक तथा बाह्य दुवै पक्षलाई समानरूपले खोतलखातल पारेकी छिन् । सबै वर्ग र क्षेत्रका नारीहरूको शोषण, दमन र अपहेलनाको उचित प्रतिरोध र प्रतिवाद गर्न सक्ने उपयुक्त नारीचरित्र उभ्याएर आफ्ना कथारचनालाई प्रभावकारी र यथार्थपरक तुल्याउने सिंह नारीवादी कथाकारका रूपमा चर्चित छिन् । विश्वराजनीति र साहित्यलाई प्रबलरूपले प्रभावित र निर्देशित गरेको नारीवादी चेतना वर्तमान विश्वपरिप्रेक्ष्यमा जल्दोबल्दो चिन्तनप्रणालीका रूपमा प्रसिद्ध भएको छ।

उत्पीडन, शोषण, हिंसा, असमानताजस्ता नारीसमस्यामा केन्द्रित नारीवादी चेतना मूलतः उनीहरूकै हकहित, अधिकारप्राप्ति, गरिमा र अस्तित्वलाई उच्च र सम्मानित तुल्याउन गम्भीररूपले विमर्श गर्ने विचारधारा हो । जुनसुकै समाजमा पनि नारीहरू अन्यायमा नपरून्, दासता र अत्याचारबाट उनीहरूले मुक्ति र स्वतन्त्रता पाऊन्, पितृसत्तात्मक दमन र विभेदको प्रतिकार गर्न सकून् भनेर यस चेतनाले उनीहरूलाई जागृत तुल्याएको छ र पुरुष तथा नारीबिच रहेका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र व्यक्तिगत शोषण एवम् असमानता समाप्त पारेर नारीआत्मनिर्भरतामा जोड दिनुपर्ने कुरालाई मूल लक्ष्य बनाएको छ। नेपाली नारीसमाजले सदाकाल खेप्नुपरेका, सहनुपरेका र बेहोर्नुपरेका शोषण, हैरानी र विभिन्न पक्षका विभेद तथा अत्याचार-अनाचारलाई कथ्यबिन्दु बनाएर लेखिएको 'अग्रगामी' कथामा मूलतः परम्परित पितृसत्ताका कुकृत्यहरूको भण्डाफोर र प्रतिकार गर्दै नारीको करुणाजन्य जीवनलाई यथार्थवादी र सूक्ष्मरूपले अभिव्यक्ति दिइएको छ। यस कथामा अभिव्यक्त यही नारीचेतनाको स्वरूपको विश्लेषण गर्ने ध्येयबाट यो आलेख तयार गरिएको छ।

### १.२ अध्ययनको समस्या

परम्परित विवाहप्रथा, लैङ्गिक विभेद, शोषण र अपमानका कारण मूल्यविहीन तथा औचित्यहीन तुल्याइएका र घरेलु हिंसा एवम् दमनमा पारिएका नेपाली नारीलाई चरित्र बनाएर लेखिएको 'अग्रगामी' कथा नारीचेतनाका दृष्टिले महत्त्वपूर्ण र सशक्त देखापर्छ। परम्परित नेपाली समाजमा भएका नारीविरोधी परिघटनाहरूको विश्लेषण गर्दा यस कथामा नारीअस्मिता र स्वतन्त्रताको दमन के-कसरी गरिएको छ र पुरुषसत्ताप्रतिरोधी नारीचरित्रको भूमिका के-कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा उत्पन्न भएका छन् र यस अध्ययनमा मध्यम वर्गीय नेपाली समाजमा देखा परेका यिनै पक्षलाई अध्ययनको समस्या बनाइएको छ।

### १.३ अध्ययनको उद्देश्य

नारीवादी समालोचनाका सैद्धान्तिक मूल्य-मान्यताका आडमा विकसित र प्रचलित नारीचेतनासम्बन्धी अवधारणा र दृष्टिकोणका परिप्रेक्ष्यमा कथाकार पद्मावती सिंहको 'अग्रगामी' कथाको अध्ययन गर्नु नै यस अध्ययनको मूल उद्देश्य हो र त्यसक्रममा कथावस्तु र चरित्रको संयोजनबाट स्पष्ट हुन आएका नारीअस्मिता र स्वतन्त्रताको दमनगत स्वरूपको चर्चा गर्दै पुरुषसत्ताप्रतिरोधी र अग्रगामी नारीचरित्रले निर्वाह गरेको प्रतिकारात्मक भूमिकाको विमर्शसहित मूल्याङ्कन गरी अध्ययनको उद्देश्यलाई स्पष्ट पारिएको छ।

### १.४ अध्ययनविधि

यो अध्ययन मूलतः साहित्यिक र गुणात्मक स्वरूपको छ। यसका लागि आवश्यक प्राथमिक तथा द्वितीयक सामग्रीहरूको सङ्कलन गर्दा पुस्तकालयलाई मुख्य आधार बनाइएको छ। विवेच्य कथा 'अग्रगामी' यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा रहेको छ भने नारीचेतनासम्बद्ध सैद्धान्तिक प्रकृतिका पूर्ववर्ती अध्ययन-अनुसन्धानात्मक सन्दर्भग्रन्थ, लेखरचनालाई द्वितीयक सामग्री मानी उपयोग गरिएको छ। छनोट गरिएको कथालाई नारीवादी चेतनाका आधारमा विश्लेषण गरिएको यस अध्ययनमा निगमनात्मक विधिको प्रयोग छ भने त्यसअन्तर्गत आवश्यकताबमोजिम पाठपरक, व्याख्यात्मक तरिकाले कथागत साक्ष्यको पहिचानका साथ सामान्यीकरण गर्दै निष्कर्ष निकालिएको छ। यस अध्ययनको प्रस्तुतीकरणमा एपिए पद्धतिको अनुसरण गरिएको छ।

### १.५ सैद्धान्तिक पर्याधार र कृतिविश्लेषणका आधार

नारीका हक र अधिकारका सन्दर्भमा विशेष चासो राखेर समाजका हरेक क्षेत्रमा उनीहरूलाई पुरुषसरह स्थान, मर्यादा र नेतृत्वगत शक्ति प्राप्त हुनुपर्छ भन्ने विषयमा थालिएको एउटा वैश्विक आन्दोलनलाई नारीवाद नाम दिइएको छ। 'नारी' र 'वाद' दुवै शब्दको संयोजनबाट व्युत्पन्न यस शब्दबाट पितृसत्तात्मक सामाजिक परिपाटीका कारण उत्पीडित, उपेक्षित र अपहेलित नारीहरूलाई त्यस्तो सङ्कोचपूर्ण अवस्थाबाट मुक्त गरी उनीहरूलाई प्रथम दर्जाकै नागरिक तुल्याउने विचार शङ्खघोष भएको छ। नारीवाद पुरुषविरुद्धको आन्दोलन नभएर परम्परित पुरुषव्यवस्थामा देखापर्ने सामाजिक परम्परा र कार्यव्यवहारका आडमा हुने दमनकारी र उपेक्षाकेन्द्री पुरुषकार्यका प्रतिकारमा सञ्चालन भइरहेको सशक्त प्रतिनिधि आवाज हो। समाजमा लैङ्गिक विभेद भोगेका नारीलाई साथ दिने र समर्थन गर्ने नारीवादी चेतनाले विभेदमूलक व्यवस्था

समाप्त पारी नारीपुरुष दुवैमा समान सुविधा, शक्ति र अधिकारप्राप्तिको चाहना राखेको छ। मूलतः अमेरिकी र फ्रान्सेली राज्यक्रान्तिका आदर्शबाट उत्प्रेरित भई नारीवादी आन्दोलन प्रारम्भ भएको (जादौन, सन् २०१७ : पृ. १४५) देखिए पनि यसले सबैतिरको ध्यान आकृष्ट गर्दै आफूलाई चिन्तनीय र बौद्धिक विषयका रूपमा चिनाउन थालेको धेरै समय भएको छैन। प्रारम्भदेखि बिसौँ शताब्दीको मध्यसम्म सामाजिक-राजनैतिक परिवृत्तमा प्रसिद्ध रहेको र नारीमुक्ति आन्दोलनका पक्षमा दृढतापूर्वक खडा भएको नारीवादी चेतना साहित्यिक फाँटमा बिसौँ शताब्दीको सातौँ दशकदेखि सशक्तरूपमा देखापरेको हो (गड्तौला, सन् २०१९ : पृ. १७२)। विश्वराजनीति र साहित्यलाई प्रबलरूपले प्रभावित तुल्याएको नारीवादी चेतना वर्तमान परिप्रेक्ष्यमा जल्दोबल्दो चिन्तनप्रणालीका रूपमा प्रख्यात भएको छ र नारीवादी सिद्धान्त र समालोचनाको विशाल क्षेत्र निर्माण गर्दै (त्रिपाठी, सन् २०१२ : पृ. ७३) पितृसत्तात्मक चिन्तन, परिपाटी र स्वरूपको अन्त्यका लागि नारीवादी चेतना आज पनि सङ्घर्षको मोर्चामा दुरुस्तरूपले खडा रहेको छ। लामो कालखण्डमा विभिन्न देशभित्र सञ्चालित नारीवादी चेतनाको ऐतिहासिक उपक्रमलाई हेर्दा स्पष्टतया तीन चरणको विकासयात्रा उपलब्ध हुन्छ जसका आडमा यसका साझा अवधारणा र चिन्तनहरू प्रकट भएका छन्।

नारीचेतनाले समाजमा रहेको लैङ्गिक विभेदलाई राम्ररी विश्लेषण गर्न त्यसका सामाजिक कारकतत्त्वहरू खोजिनुपर्छ र नारीदमन पुरुषबाट मात्र होइन नारीसमूहबाट पनि हुने गरेको र भएको छ भन्ने धारणा अभिव्यक्त गरेको छ। प्राचीन कालदेखि समाजमा रहिआएको पितृसत्तात्मक सामाजिक संरचना र घरगृहस्थीभित्रको उच्च पुरुषमनोवृत्तिका कारण नारीहरू उत्पीडित हुनुपरेको ठान्ने यस चेतनाले सामाजिक व्यवस्था पनि समाजका विभिन्न एकाइबाट सञ्चालन हुने भएकाले त्यही व्यवस्थाकै परिधिमा रहेर लैङ्गिक सम्बन्धको व्याख्या गरेको देखिन्छ। सामाजिक पूर्णक्रान्तिका माध्यमबाट समाजका आधारभूत संरचना नभत्काएसम्म पुरातन पितृसत्ता समाप्त हुँदैन भन्ने मान्यता भएको यस चेतनाले वर्गविभाजन र त्यही वर्गविभाजनबाट सृजित सबै किसिमका अधिकारप्राप्तिमा आवाज उठाएको छ। जहिलेसम्म नारीलाई हरतरहले सशक्तीकरण गरिँदैन तबसम्म समाज र घरगृहस्थीमा पितृसत्तात्मक व्यवस्थाको शक्ति प्रबल रहन्छ र त्यसको वर्चस्व कायम रहिरहन्छ भन्ने चिन्तनलाई सिद्धान्त बनाएको यस चेतनाबाट समाजमा जरो गाडेर बसेको पितृसत्तालाई आर्थिक-सामाजिक कारणका सन्दर्भमा बुझ्न सकिने दृष्टिकोण व्यक्त भएको छ (रानी, सन् २०१२ : पृ. १२-१३)। प्रत्येक नारीका व्यक्तिगत र ग्राहस्थ्य समस्या फरकफरक हुने भएकाले सम्पूर्ण नारीलाई एउटै कित्तामा राखेर हेर्नुहुँदैन भन्ने नारीचेतना उनीहरूका त्यस्तै समस्या, उत्पीडन र शोषणमा केन्द्रित रहेको छ। नारीमाथि हुने जुनसुकै तह र पक्षको अत्याचार, अनाचार, व्यभिचार र अमर्यादाको मुख्य तत्त्व नारीहरू पुरुषमाथि आर्थिकरूपले निर्भर र आश्रित हुनुपर्ने अवस्था नै हो भन्ने दृष्टिकोण भएको यस चेतनाका अनुसार आर्थिकरूपमा सम्पूर्णतः नारीहरू स्वतन्त्र नहुँदासम्म यस्ता कुरीतिका प्रभावमा नारीहरू सदैव पिल्सिरहनुपर्छ। पुँजीवादी र पितृसत्ताका नकारात्मक पक्षमा केन्द्रित नारीचेतनाले यी दुवै एकआपसमा अन्तर्सम्बन्धित छन् र यिनकै कारण नारीहरू शोषित छन् भन्ने विचार व्यक्त गरेको छ।

लिङ्ग तथा वर्गविभाजनका आधारमा गरिएका सम्पूर्ण अन्याय, अत्याचार र शोषणबाट नारीलाई उन्मुक्ति दिलाउन नारीहरूको आयस्रोत बढ्नुपर्ने, उनीहरूको समाजमा सम्मान हुनुपर्ने र उनीहरूको कामको अवमूल्यन रोकिनुपर्ने धारणा बोकेको यस चेतनाले जातजातिका नारी, सीमान्तकृत नारी र आप्रवासी नारीहरूको दोहोरो-तेहोरो शोषण भएको कुरा स्पष्ट पारेको छ (त्रिपाठी, सन् २०१२ : पृ. १०८)। नारी र पुरुषका बिच आपसी समझदारी, सौहार्द्रता र पारस्परिक सहयोग हुँदा मात्र दुवैमा रहेको असमानता समाप्त हुन्छ भन्ने यस सिद्धान्तले स्वच्छ समाजनिर्माण र समाजमा सभ्यताको विकासका लागि बृहत्तर क्रान्ति आवश्यक ठानेको छ (तामाङ, २०१८ : पृ. ७३)।

नारीवादी चेतनाले कुनै पनि समाजमा हुने नारीदमन र उत्पीडनलाई लैङ्गिक तथा पितृसत्तात्मक मनोवृत्ति र सामाजिक संरचनाका आधारमा हेर्नुपर्ने धारणा अगाडि सारेको छ। कुनै पनि नारीका जीवनसँग वैयक्तिक र सार्वजनिक गरी दुई पाटाहरू जोडिएका हुन्छन् र ती दुवै पाटाहरूको विश्लेषण र चर्चा नगरी नारीसमस्यालाई बुझ्न पनि चिन्न पनि सकिँदैन भन्ने यस चेतनाले आर्थिक असमानता र असन्तुलनका कारण पुँजीवादका ठेकेदारहरूले नारीहरूलाई शोषणको पात्र बनाउँछन् भन्ने वास्तविकतालाई स्पष्ट पारेको छ। औद्योगिक क्रान्तिकालदेखि यता विकास भएका पुँजीवाद, पितृसत्ता र जातीयताको सम्बन्धका साथै पारस्परिक अन्तर्निभरताको सूक्ष्म विश्लेषणबिना नारीमाथिका यावत् व्यभिचारहरू स्पष्ट हुँदैनन् भन्ने विचार भएका नारीवादीहरूले विभिन्न वर्ग र क्षेत्रका नारीहरूको घरगृहस्थीको श्रमस्वरूप र लैङ्गिक अनुभूतिको पर्यवेक्षणपश्चात् मातृत्व र यौनिकतालाई चर्चाको विषय बनाएका हुन् (त्रिपाठी, सन् २०१२ : पृ. १११)।

नारीचेतनाका पक्षधरहरूले मूलतः आर्थिक जीवनमा नारीहरू सम्पन्न र आत्मनिर्भर नहुनाले उनीहरू समाजमा दोस्रो दर्जाका नागरिक हुनपुगेका हुन् भन्ने कुरा निर्मम तरिकाले उठाएका छन् । पुरुष र नारी दुवैमा घरगृहस्थीको कार्यक्षेत्रलाई समानरूपले वितरण गरी पुरुषका एकाधिकारमा रहेको आर्थिक, सामाजिक र राजनैतिक शक्ति र सामर्थ्य नारीहरूमा हस्तान्तरण भएपछि लैङ्गिक आधिपत्य समाप्त हुन्छ भन्ने मान्यता भएको यस सिद्धान्तले न्यून तथा भेदभावपूर्ण पारिश्रमिकको अवस्था समाप्त पार्न लैङ्गिक समानता अनिवार्य रहेको ठानेको छ । पुँजीवाद र पितृसत्तात्मक संरचना दुवै नारीशोषण र दमनका मुख्य कारकतत्त्व भएको मान्ने नारीचेतनाले लिङ्गभेद नै नारीको समानता, मर्यादा र सम्मानसम्बन्धी अधिकार खोस्ने जडतत्त्व भएको ठहर गरेको छ । यस सिद्धान्तका अन्तर्मान्यताका परिधिमा रही सम्पन्न गरिएको यस अध्ययनमा मूलतः कथानक र शीर्षकीय सन्दर्भ, प्रतिनिधित्वको दृष्टिकोण, नारीसम्मान र अस्मिताकेन्द्री नारीचेतना, नारीस्वतन्त्रता र स्वाभिमानसम्बन्धी नारीचेतना, परम्परित विवाहप्रथा र पितृसत्ताविरोधी नारीचेतना, लैङ्गिकता र हिंसाविरोधी नारीचेतनाजस्ता बुँदालाई आधार बनाएर पद्मावती सिंहको 'अग्रगामी' कथामा अभिव्यक्त नारीचेतनाको विवेचना गरिएको छ ।

### १.५.१ कथानक र शीर्षकीय सन्दर्भ

नेपालको तराईक्षेत्रमा परम्परादेखि चलिआएको विवाहप्रथा र त्यस प्रथाका आवरणमा हुने गरेका नारीउत्पीडन, विभेद र अत्याचारका अवस्थाका साथै स्वरूपको सूक्ष्म चित्रण भएको 'अग्रगामी' कथाको कथानकनिर्माणमा मूलतः विवाहित नारीचरित्र उर्वराका जीवनसम्बद्ध घटनावृत्तहरूको महत्त्वपूर्ण र प्रमुख भूमिका रहेको छ । पितृसत्तात्मक समाजका यथास्थितिवादसँग असन्तुष्ट भई त्यसमा आमूल परिवर्तन चाहने उसको चिन्तन, व्यवहार र कार्यक्षमताका प्रभावमा यसको शीर्षकीकरण गरिएको छ । कथाकार पद्मावती सिंहद्वारा यथार्थपरक सामाजिक विषयवस्तु अभिव्यक्त गरी रचिएको यस कथामा चिकित्सक भई काठमाडौँमा बस्दै आएको तराईमूलको श्रीवास्तवपरिवारमा कान्छी छोरी भई सम्पन्नतामा हुर्किएकी र स्नातकसम्मको उच्चशिक्षा पाएकी उर्वराको भारतस्थित मोतीहारी सहरको व्यापारव्यवसायमा संलग्न पढेलेखेको र संयुक्त परिवारको केटासँग मागीविवाह भएको कथाप्रसङ्गलाई संयोजन गरिएको छ । विवाहोपरान्त उर्वराले आफ्नो स्वतन्त्रता गुमाउनु, रातदिन बुहार्तनमा ऊ व्यस्त रहनु, विवाहका बेला उससँग गरिएका वाचाबन्धनलाई लत्याएर पुरुषउत्पीडन र दमन थोपरिनु, पतिपत्नीबिच कार्य, विचार र स्वभावगत भिन्नता बढ्दै जानुजस्ता घटनाचक्रमा जेलिएको यस कथाको कथानकमा यही सन्दर्भसँगै उसले एक वर्ष बिताउनु, घरगृहस्थीको ऐकान्तिक वातावरणबाट वाक्कदिक्क भई ऊ माइतीघर फर्किनु, आत्मनिर्भर बन्न उसले स्नातकोत्तर तहको शिक्षा लिनु, पति तथा ससुराद्वारा विवाहित नारीको स्वतन्त्र जीवन नहुने भएकाले घरपरिवार र सम्बन्धविच्छेदमध्ये एउटा पक्ष रोज्न दबाबपूर्ण आग्रह गरिनु तथा वैवाहिक सम्बन्धविच्छेदका लागि बाध्य भएर ऊ राजी हुनु र त्यसपछि मृत्युपर्यन्त आमाबुबाको सेवासुश्रुषा गरी स्वतन्त्र जीवनयापन गर्ने अग्रगामी विचारयुक्त दृढता उसबाट व्यक्त हुनुजस्ता घटनाशृङ्खलाहरू सङ्क्षिप्तरूपमा जोडिएका छन् । यस किसिमले उर्वराकै नारीवादी चेतयुक्त निजी धारणा, चरित्र, कार्यव्यापार, जीवनपद्धति र विवेकपूर्ण तथा समयोचित निर्णयले कथानकनिर्माणमा एकातिर महत्त्वपूर्ण काम गरेको छ भने अर्कातिर पितृसत्तात्मक यथास्थितिवादी चिन्तन र व्यवहारको प्रतिरोध गर्दै नारीहरू पनि आफ्नो आत्मबल र दृढ निश्चयले आफूले चाहेजस्तो सुन्दर संसार र समाजनिर्माणमा उचित निर्णय लिन सक्षम बनिसकेका छन्, आफ्नो कर्तव्यपालनमा पौरख र सक्रियता देखाउन सक्छन् र आवश्यक परेका खण्डमा समाजलाई अप्रिय भए पनि नारीअस्मिताका लागि समयसापेक्ष र परिवर्तनकारी चिन्तन र दृष्टिकोण बनाउन सक्छन् भन्ने उर्वराकै निर्णयलाई महत्त्व दिएर कथाकार सिंहले यस कथाको शीर्षकीकरणमा नारीकै भूमिकालाई सशक्त तुल्याएर आफूलाई नारीवादी चेतनाकी प्रवक्ताकथाकारका रूपमा उभ्याएकी छिन् ।

रैखिक गतिमा क्रमशः अगाडि बढेको यस कथाको कथानकमा द्वन्द्वलाई भन्दा क्रियाव्यापारलाई बढी प्रधानता दिइएको छ । ठुलासाना गरी जम्माजम्मी बत्तिसवटा अनुच्छेदमा संरचित यस कथामा आदि, मध्य र अन्त्य वा उपसंहार भागको पूर्वापर सम्बन्ध वा अन्विति मिलाएर कथाकार सिंहले कथावस्तुलाई गतिशील तुल्याएकी छिन् र प्रारम्भदेखि उर्वराले आफ्नो पढाइलाई निरन्तरता दिन चाहेको प्रसङ्गसम्मका कथावस्तुबाट यसको आदिभाग निर्माण गरिएको छ । पढाइमा सहयोग तथा समन्वय गर्नाका सट्टा पतिले त्यसप्रति व्यक्त गरेका नकारात्मक धारणादेखि सम्बन्धविच्छेदको पत्रमा उर्वराले हस्ताक्षर गर्दासम्मका घटनाक्रमबाट कथानकको मध्यभाग सृजना भएको छ भने स्वतन्त्र जीवन बाँच्दै छोरासरह भई आमाबुबाको हेरचाह गर्ने उर्वराको दृढता र आफ्नो पुरुषार्थका लागि ऊ निरन्तररूपले प्राध्यापकीय काममा संलग्न भएका

घटनाहरू कथानकका अन्त्यभागमा समेटिएका छन् त्यसैले पितृसत्तात्मक व्यवस्थाको विरुद्ध सशक्ततासाथ उभिएकी उर्वराको चरित्रवरिपरि रहेका घटनाशृङ्खलाका कारण यस कथामा नारीवादी चेतना मुखरित भएको स्पष्ट हुन्छ।

**१.५.२ प्रतिनिधित्वको दृष्टिकोण**

आफ्ना विचार, मूल्य, सन्देश र जीवनदर्शनलाई सम्प्रेषित गर्न कुनै पनि कथाकारले पात्रविधानलाई आधार बनाएको हुन्छ। नारीपात्रलाई केन्द्रीय भूमिकामा राखेर वा पुरुषलाई मुख्यपात्र बनाएर समाजका घटनाचक्रलाई एउटै कथातन्तुमा उनेर आफू कसका पक्ष र कसका विपक्षमा रहेको उसले सङ्केत गर्छ। कथाकार सिंहले विवेच्य 'अग्रगामी' कथामा उर्वरालाई केन्द्रीय, बद्ध, मञ्चीय, अनुकूल, गतिशील र व्यक्तिगत नारीपात्र बनाएर नारीवादी चेतनाका प्रमुख विषयलाई प्रस्तुत गर्दै उसका पक्षमा अर्थात् पितृसत्ताका विपक्षमा बुलन्द आवाज दिएकी छिन् भने बुबाआमा, पति, सासूससुरा, जेठाजु-जेठानी, आफन्त, श्रीवास्तवका अन्य दुई छोरीहरू, नोक-चाकरलाई परिधीय चरित्रका रूपमा संयोजित गरेर सामाजिक यथार्थलाई उद्बोधन गरेकी छिन्। परम्परित विवाहप्रथाका कारण तराईका पढेलेखेका नारीहरू पनि अनेक प्रकारका पुरुषउत्पीडनबाट आक्रान्त हुनुपरेको सामयिक वस्तुस्थितिलाई स्पष्ट पार्न कथाकार सिंहले उर्वराजस्ती सक्षम, निडर र जागरुक नारीलाई यस कथामा केन्द्रीय चरित्र बनाएको देखिन्छ भने आत्मनिर्भर छोरीहरूबाट पनि आमाबुबाको समयोचित/यथोचित सेवासुसार हुन्छ, उनीहरू आफ्नो कर्तव्यनिर्वाहमा दत्तचित्त हुन्छन् र घरपरिवारको विश्वास तथा भरोसाबाट उनीहरूले आफ्नो भविष्यलाई अग्रगामी बनाउन सक्छन् भन्ने सन्देश दिन 'छोरालाई बुढेसकालको लौरो' मान्ने पुरुषप्रवृत्तिमाथि कथाकारले प्रत्याक्रमण गरेकी छिन्। परम्परित पितृसत्ताको प्रतिकार गर्दै सशक्त नारीसत्ता स्थापनाका लागि स्वयम् नारीहरू गतिशील र चेतनायुक्त हुनुपर्ने सारतत्त्व भएको यस कथामा उर्वरालाई नवचेतना बोकेकी प्रमुख चरित्र बनाएर उसकै केन्द्रीयतामा पुरुषव्यवस्थाका नारीविरोधी कदमहरूको प्रतिरोध गराइएको छ। यस कथाका अन्य नारीपात्रलाई पुरातनवादी पितृसत्ताका पृष्ठपोषक भएको सङ्केत गरेर पढेलेखेका नारीपुस्ताबाट मात्रै नारीमुक्तिका कुरा सम्भव हुन्छन् भन्ने नारीवादी चेतनामूलक निष्कर्ष दिइएको छ।

**१.५.३ नारीसम्मान तथा अस्मिताकेन्द्री नारीचेतना**

नारीले आफ्नो भौतिक तथा चरित्रगत अस्तित्व र सम्मानलाई समाजमा स्थापित र समाजबाट आफू सम्मानित हुन खोज्नु नारीसम्मान र अस्मितासँग जोडिएको विषय हो। आजका पढेलेखेका र संसार बुझेका नारीहरू तिरस्कार, अपहेलना र घृणा सहेर कुण्ठित र खण्डित हुन चाहँदैनन् (अर्याल, सन् २०२१ : पृ. २८९), स्वअस्तित्वका लागि जस्तोसुकै सङ्घर्ष र कठिनाइमा होमिन डराउँदैनन्। जन्मवश योनि फरक भएकै कारणबाट आफ्नो सम्मान र अस्मितालाई गुमाउन नचाहने नारीहरूले पितृसत्ताका अनेक पर्खालहरू भत्काएर नारीसत्ता स्थापित गर्नु नारीसम्मान र अस्मितासँग अन्तर्सम्बन्धित नारीचेतना हो। नारीले आफ्नो वास्तविकता, मूल्य, स्वत्व र स्थानको खोजी गर्नु अपराध होइन त्यसैले आफ्नो गरिमा र अस्तित्वबोधको रक्षार्थ सधैँ सङ्घर्षरत रहनुपर्छ भन्दै पितृसत्ता र पुँजीवादको अन्तर्सम्बन्धमा ध्यान केन्द्रित गरेको नारीचेतनाका अनुसार समाजमा नारीवर्गको अस्तित्वलाई उसका वैयक्तिक, घरेलु र सार्वजनिक भूमिकाका आधारमा स्वीकार गर्नुपर्छ (जादौन, सन् २०१७ : पृ. १४३)। नारी चेतनाका यी तीनवटै आधारबाट नारीसम्मान र अस्मितालाई हेर्दा नेपाली समाजमा त्यति सन्तोषजनक अवस्था देखापर्दैन र कथाकार सिंहले समाज वा पितृसत्ताले नारीअस्मिता कुल्चिने प्रयत्न गर्दा त्यसका प्रतिकारमा नारी स्वयम् खडा हुनुपर्छ भन्ने मान्यतालाई यस कथामा उर्वराको कार्यव्यापारद्वारा स्थापित गरेकी छिन्।

माइतीघरमा पुल्पुल्याइएकी र स्वतन्त्र वातावरणमा हुर्काइएकी उर्वराको पारिवारिक पृष्ठभूमिलाई पनि कथाकारले स्पष्ट पारेकी छिन्। "तराईमूलका भए तापनि डाक्टर श्रीवास्तव आधुनिक विचारका थिए र रहनसहन पनि आधुनिक पाराको थियो माइतीमा" (सिंह, २०७६ : पृ. १०२)। यस साक्ष्यबाट उर्वरा यथास्थितिवादी तराईमूलकी चरित्र भएर पनि सामाजिक, सांस्कृतिक दृष्टिले ज्यादै आधुनिक विचार राख्ने परिवारकी सदस्य भएको स्पष्ट हुन्छ। त्यस्तै साथीसहेलीका बिचमा आफ्नो स्वतन्त्रताप्रिय व्यक्तित्वलाई निखारेकी यसले छात्रावासमा बसेर निःसङ्कोच आफ्नो पढाइलाई अगाडि बढाएकी र खेलकुद, नाचगानलगायतका अतिरिक्त क्रियाकलापमा पनि सक्रियता देखाएको पाइन्छ। "उर्वरा पढ्नमा तेज, खेलकूदमा सधैँ अगाडि। उनले बिहे नहुन्जेल स्वतन्त्र जीवन बिताइन्" (सिंह, २०७६, पृ. १०२)। यसप्रकार स्वतन्त्रताप्रिय जीवनशैली निर्माण गरेकी उर्वराको जीवनमा विवाह त्यस्तो अनिच्छित घटना भएर खडा भएको छ जसले उसको अस्मिता र स्वतन्त्रतामाथि प्रश्नचिह्न उभ्याएको छ। घर-परिवारबाट स्वतन्त्रताविरोधी अनेक प्रपञ्च हुन थालेपछि यसले कर्मघर छोड्नुपरेको कुरा कथाका घटनाक्रमहरूबाट स्पष्ट पारिएको छ। विवाहपछि भिन्न खालको घरपरिवार, रहनसहन, जीवनपद्धति र सामाजिक

परिस्थितिमा बाँच्नुपर्ने नारीजीवनका बाध्यतालाई उजागर गर्ने यस कथामा उर्वरा कर्मघरका सबै व्यक्तिको अधीनमा बस्न बाध्य बनाइएकी छे । "... तर आइमाईको जीवन बिहेपछि भिन्दै हुन्छ । भिन्दै रहनसहन, वातावरण र माहौलमा जिउनुपर्ने हुन्छ" (सिंह, २०७६, पृ. १०३) । यस साक्ष्यबाट संयुक्त परिवारको बुहार्तनबाट आत्तिएकी उर्वराको पराधीन चरित्र स्पष्ट भएको छ । व्यापार-व्यवसायमा व्यस्त पतिबाट आत्मसम्मान र प्रेमिल व्यवहार र समय नपाएकी तथा आफ्ना इच्छा र विचारको कुनै मूल्य नभएको अनुभव सँगालेकी उसले नारीअस्तित्व र सम्मान पनि सङ्कटमा परेको ठानेकी छे ।

पढाइलाई सनकको व्यवहार ठान्ने र विवाहअघि गरिएका सबै प्रतिज्ञाहरू पुरा गर्न सकिँदैन, जे गर्न मन छ त्यही गर भनी अनुत्तरदायी ओठे जवाफ दिने पतिको कुटिल व्यवहार कथामा स्पष्टतः अभिव्यक्त भएको छ । ".... विवाहअघि के के भनिन्छ के के ... सबै पूरा गर्न सकिन्छ र ... ?" ... (सिंह, २०७६, पृ. १०२) । यस उद्धरणबाट उर्वराको पति विवाहलाई छल-कपटपूर्ण व्यवहार सिद्ध गर्ने व्यक्तिका रूपमा प्रस्तुत भएको छ । नारीअस्मिता उसका लागि कुनै मूल्य र महत्त्वको छैन भन्ने चिन्तन व्यक्त गर्ने ऊ पितृसत्तात्मक व्यवस्थाको प्रतिनिधिका रूपमा कथामा प्रस्तुत भएको छ । नारीलाई अपमानित गर्न उसले काठमाडौँमा आफ्नी पत्नीको प्रेमी हुनसक्ने अड्कल गरेर उसको सम्मानलाई लाञ्छित गरेको छ जसबाट कथामा नारीअस्मिता कुण्ठित, अपहेलित र तिरस्कृत भएको सिद्ध हुन्छ ।

आफ्नो जीवनसँग खेलबाड हुँदैछ भन्ने बुझेकी उर्वराले आफ्नो आत्मसम्मान र अस्तित्वको रक्षार्थ माइतीघर फर्किनुपरेको बाध्यात्मक परिस्थितिलाई यस कथामा देखाइएको छ । सम्बन्धविच्छेदको पत्रमा हस्ताक्षर र आमाबुबाको रेखदेखमा छोरासरह हुने दृढता व्यक्त गरेर उर्वराले यस कथामा आफ्नो चरित्रमाथि औँला ठड्याएर नारीलाई अपमानित गर्ने पति, नारी वा छोरीहरूले केही गर्न सक्दैनन् भन्दै उनीहरूको अस्मितालाई चुनौती दिने पुरुषसत्ता र त्यसका अनुयायीहरूप्रति प्रत्याक्रमण गरेकी छे । "जस्तो भए पनि बिहे भैसकेपछि घर खानुपर्छ भन्ने सामाजिक मान्यताको विरोधमा डण्डा उठाइन् ..." (सिंह, २०७६, पृ. १०७) । यस साक्ष्यबाट आइलाग्ने जस्तोसुकै कुचक्रको जालो तोडेर उर्वरा आत्मनिर्भर र स्वतन्त्र भएकी मात्र देखाइएको छैन उसले पुरातनवादी पुरुषअभिमानमा चोटसमेत पुऱ्याएकी छे । पुरुषकुचक्रको सशक्त प्रतिरोध र प्रतिवाद गरेर उर्वराले नारीअस्मिता र सम्मानलाई समाजमा स्थापित गर्ने प्रयत्न गरेकीले यस कथामा नारीसम्मान तथा अस्मिताकेन्द्री नारीचेतना मुखरित भएको देखिन्छ ।

### १.५.४ नारीस्वतन्त्रता र स्वाभिमानसम्बन्धी नारीचेतना

स्वतन्त्रता र स्वाभिमानको अधिकार मानवीय जीवनको अस्तित्व, अस्मिता र प्रतिष्ठासित सम्बद्ध जटिल विषयवस्तु हो । नारीहरू पनि मान्छे नै भएकाले आफ्नो जीवनलाई समुन्नत, सुखी र स्वतन्त्र तुल्याउने अवसर उनीहरूले पनि पाउनुपर्छ भन्ने चेतना नारीस्वतन्त्रता र उनीहरूको आत्मस्वाभिमानको अन्तर्मुखी आवाज हो (रिजाल, २०७९ : पृ. ४६) । स्वतन्त्र नागरिकले मात्र आफ्नो आत्मस्वाभिमानको रक्षार्थ उचित कार्य गर्न र बोल्न सक्ने भएकाले नारीअधिकारवादीहरूले यी दुवै कुरालाई एउटै सिक्काका दुई पाटा मानेका छन् । शिक्षार्जन, कार्यक्षेत्रको चयन, रोजगारी, सम्बन्धविच्छेदजस्ता नितान्त वैयक्तिक विषय र पक्षमा नारीहरू पितृसत्तात्मक अनुशासनका कारण घर र समाजमा पराश्रित, सङ्कुचित र बन्दी भएर प्रताडित हुनुपरेको छ भन्ने नारीचेतनाको उद्घोष पाइन्छ (रानी, सन् २०१३ : पृ. १३) । कथाकार सिंहले यस कथामा पढेलेखेकी, स्वतन्त्रताकी पक्षपाती र हक्की स्वभावकी उर्वरालाई केन्द्रीय चरित्र बनाएर उसकै चिन्तन र कार्यव्यापारका माध्यममार्फत नारीस्वतन्त्रताको शङ्खनाद गरेकी छिन् । विवाहअघि माइतीघरमा हरकुरामा स्वतन्त्रता पाएकी र विवाहबन्धनपछि कर्मघरमा आफू हरतरहले कैदी हुनुपरेको अनुभव गरेकी उर्वराले सासूससुरा, पति, जेठाजु-जेठानीको अधीनमा दिन काट्नुपर्दा, शिक्षार्जनका लागि अनुमति माग्दा र कहिलेकाहीँ भाका मागेर माइतीघर जाँदा पनि पतिकै हस्तक्षेप बढी हुँदा एकातिर आफ्नो स्वतन्त्रता र स्वाभिमान हरण भएको ठानेकी छे । "यो कुरा ठीक गर्नु भएन श्रीमान् तपाईंले ... ।" उर्वराले रिसले आँखा ठूलो पार्दै भनिन्, "तपाईंले मेरो जीवनसित खेलबाड गर्नुभयो ...." (सिंह, २०७६, पृ. १०५) । उर्वराको यस कथनबाट स्वाभिमान र स्वतन्त्रताका लागि आफ्नै कर्मघरभित्र उसले सङ्घर्ष गरिरहेको र उसका परिवारका सदस्यहरू वैवाहिक सम्बन्धलाई अगाडि सारेर मानसिकरूपमा उसलाई परास्त गर्न उद्दत रहेको स्पष्ट हुन्छ ।

घरगृहस्थीमा कसैले पनि मन खोलेर बोलचाल नगर्दा, एक्लै घरमा धुमधुमती बस्नुपर्दा उर्वराले छटपटी र अत्यासमा परेको अनुभव गरेकी छे । यसप्रकारको बन्दी अवस्थाबाट बाहिर निस्केर उच्चशिक्षा आर्जन गर्दै आत्मनिर्भर भई समाजमा आफ्नो व्यक्तित्व स्थापित गर्न उर्वराले पितृसत्तात्मक व्यवस्थाले तय गरेका अनुशासन र घरगृहस्थी त्यागी स्वतन्त्र र आत्माभिमानी

हुने निर्णय गरेको कुरा कथामा अभिव्यक्त भएको छ। "…. तपाईंहरूलाई छोराभैँ पाल्ने ममा सामर्थ्य छ … ।" "… मेरो स्वभाव, मेरो विचार, रहनसहनको विपरीत त्यस घरमा मैले एक वर्ष एक युगजस्तो बिताएँ। त्यस परिस्थितिमा मैले जे निर्णय लिएँ - त्यो समाजको आँखामा सही नहोला तर मेरो हितमा नै रहेको छ …" (सिंह, २०७६, पृ. १०८)। कथामा प्रस्तुत यी वाक्यका आधारमा कथाकार सिंहले आत्मनिर्णयी, दृढ सङ्कल्पी र साहसी चरित्रका रूपमा उर्वरालाई कथामा उभ्याएर उसबाट नारीस्वतन्त्रता र स्वाभिमानको मात्र वकालत गराएकी छैनन्, नारीहरू स्वयम् अग्रसर नभई यी कुरा प्राप्त हुँदैनन् र आर्थिक-सामाजिकरूपमा नारीहरू स्वतन्त्र नहुँदासम्म पितृसत्तात्मक व्यवस्थाले नारीस्वाभिमानमाथि कुठाराघात गरिरहन्छन् भन्ने नारीचेतना अभिव्यक्त गरेकी छिन्।

### १.५.५ परम्परित विवाहप्रथा र पितृसत्ताविरोधी नारीचेतना

कानुनतः उमेर पुगेका युवायुवतीको वैवाहिक कर्मलाई समाजले स्वीकृति र मान्यता दिएको हुन्छ। समान हैसियत भएका दुई परिवारबिच जातभात मिलाएर यस्तो माङ्गलिक कार्य सम्पन्न हुनुपर्छ भन्ने पुरातनवादी पितृसत्तात्मक अवधारणा आजपर्यन्त समाजमा जीवित र क्रियाशील छ। नेपाली समाजमा पनि यही मान्यता र प्रचलनले सबैतिर काम गरेको छ भने पछिल्लो नवपुस्तामा शिक्षाको विस्तार, चेतनाको जागृति र शरीरराजनीतिका कारण यस चिन्तनको प्रभाव र दबाब क्रमशः घट्दोक्रममा रहेको भए पनि प्रेमविवाहलाई नेपाली जनमानसले पचाउन नसकेको र त्यसका विरुद्ध अनर्गल प्रचार गर्न छोडेको पनि छैन। विवाहोपरान्त नारीमाथि एकाधिकार राख्न खोज्ने, उसका इच्छा, विचार र रुचिलाई बेवास्ता गर्ने पुरुषसत्ताका कारण नेपाली समाजमा पारिवारिक मधुरता समाप्त हुँदैछ, पारिवारिक एकता विखण्डित भइरहेको छ भन्ने कुरा 'अग्रगामी' कथाकी उर्वरा र उसका पति तथा ससुराका क्रियाकलापबाट प्रष्ट पारिएको छ। "बिहे भएर आएदेखि नै उनले काठमाडौँलाई सम्भिरहेकी छिन्। दुई कुराले बिहेपछि उनलाई आफ्नो जीवन कष्टकर लागिरहेको छ …" (सिंह, २०७६, पृ. १०२)। यसबाट विवेच्य कथामा पनि छोराछोरीको जसरी भए पनि विवाह गरिदिनुपर्छ भन्ने पुरातन चिन्तन स्पष्ट भएको छ। शिक्षित-दीक्षित श्रीवास्तवपरिवारद्वारा समान आर्थिक हैसियत भएको भारतीय केटासित छोरी उर्वराको पूर्ण सहमति नहुँदा-नहुँदै पनि विवाह गराइएको छ जसका कारण उसमा पितृसत्तात्मक व्यवस्थाविरोधी उग्रमानसिकता सृजना भई पति, ससुरा र आमपुरुषप्रति नै नकारात्मक धारणा बनेको छ, दुई परिवार र मनका बिचमा सम्बन्धसूत्रको भूमिका निर्वाह गर्नुपर्ने विवाहप्रथाप्रति नै वितृष्णा पैदा भएको छ र पतिगृहप्रतिको तृष्णा मरेर गएको कुरा कथामा स्पष्ट पारिएको छ। पुरुषहरूका क्रियाकलापबाट वैवाहिक सम्बन्धप्रति वितृष्णा र अविश्वास सृजना गर्ने जुन परिस्थिति कथामा देखाइएको छ ती घटनाचक्रबाट पढे-लेखेको नयाँ नारीपुस्ता पुरातन पुरुषचिन्तनलाई सहेर होइन त्यसको प्रतिरोध गरेर स्वाभिमानका साथ बाँच्न चाहन्छ भन्ने स्पष्ट पारिएको छ।
परम्परित विवाहप्रथामा सुधार गर्नुपर्ने समय आइसकेको सङ्केत गर्ने यस कथामा कथाकार सिंहले हाम्रा रीतिरिवाजहरूले नवपुस्तामा आकर्षण होइन विकर्षण पैदा गरेको धारणा व्यक्त गर्दै आफूखुसी बाँच्न पाउनुपर्छ भन्ने पितृसत्ताविरोधी उर्वरामा विकसित नारीस्वतन्त्रता र स्वाभिमानसम्बन्धी नारीचेतनाको समर्थन गरेकी छिन्।

### १.५.६ लैङ्गिकता र हिंसाविरोधी नारीचेतना

नारी र पुरुषबिचको जैविक भेदलाई चिह्नित गर्न उपयोगमा ल्याइएको लैङ्गिकताले सामाजिक भेदभावलाई पनि सम्बोधन गरिरहेको पाइन्छ। भिन्नलिङ्गी भएकै कारण कुनै पनि महिलाले समस्या बेहोरिरहेकी छे भने त्यसलाई लैङ्गिकतासँग सम्बद्ध नारीसमस्याका रूपमा हेर्नुपर्छ (रिजाल, २०७९ : पृ. ५४)। पितृसत्तात्मक समाजद्वारा तयार पारिएको लैङ्गिक विभेदले पुरुषलाई उपल्लो र महिलालाई तल्लो दर्जामा स्थापित गरेको छ त्यसैले हरेक पक्षमा लैङ्गिकतालाई घुसाएर त्यसकै आवरणमा नारीमाथि उत्पीडन र हिंसा थोपर्ने काममा पनि स्वयम् पुरुष नै संलग्न रहेको पाइन्छ। यसप्रकारको सङ्कुचित व्यवहार र चिन्तनबाट नारीहरू सामाजिकरूपमा मात्र होइन आर्थिक, सांस्कृतिक र कानुनी क्षेत्रमा समेत हिंसा सहन बाध्य भएका छन् भन्ने दृष्टिकोण नारीचेतनाको महत्त्वपूर्ण दार्शनिक पक्ष हो। नेपाली समाजका दैनन्दिनी व्यवहारमा लैङ्गिकताको प्रत्यक्ष प्रभाव देखिएकाले नारीहरू सदाकाल पीडित हुनुपरेको यथार्थलाई कथाकार सिंहले 'अग्रगामी' कथामा स्पष्टतया स्थापित गरेकी छिन्। शिक्षित परिवार र सहरकेन्द्री वातावरणमा लैङ्गिकताका प्रभावमा नपरी हुर्केकी यस कथाकी केन्द्रीय चरित्र उर्वरा उच्चशिक्षित नारीवर्गकी प्रतिनिधि भएर पनि घरेलु तथा सामाजिक हिंसाबाट प्रताडित हुनुपरेको तथ्य यस कथामा प्रस्तुत भएको छ। "एक दिन ससुरा र पति आएर उनलाई धम्की दिए …" (सिंह, २०७६ : पृ. १०७), "… तर पुरुषोचित

अहंको अगाडि उनको अनुरोधको के मूल्य रहन्छ र ... ? दुवैले उनको विचारलाई लत्याइदिए" (सिंह, २०७६ : पृ. १०८)। यी दुई उद्धरणबाट हाम्रो समाजमा लैङ्गिक विभेदको कस्तो स्वरूप विद्यमान छ, नारीहरू पुरुषहरूबाट कसरी प्रताडित भएका छन् भन्ने विषय स्पष्ट भएको छ।

व्यापारप्रबर्द्धन र धनबाहेक अन्य कुनै विषयमा सामान्य रुचिसमेत नभएको पतिद्वारा बेलाबेलामा गरिएका शब्दाक्रमण र मात्र पत्नीको भूमिकामा बन्दी बनेर बसोस् भन्ने उसको सङ्कीर्ण विचारबाट ऊ एकातिर विक्षिप्तावस्थामा पुगेकी छे भने अर्कातिर सङ्कटापन्नावस्थामा समेत आफन्त र घरगृहस्थीका सदस्यबाट उसले धम्कीपूर्ण व्यवहार सहनुपरेको कुरा स्पष्ट हुन्छ।

पुरुषसत्तालाई विस्थापन गरी नारीहरू कर्मक्षेत्रमा अगाडि बढून्, उनीहरूले समाजरूपान्तरणका लागि समयोचित काम गरून् र नयाँ ढाँचाको सभ्यताविकासमा सहयोगी होऊन् भन्ने कुरामा प्रवेश गरेर लेखिएको यस कथामा सिंहले उर्वराजस्ती पढेलेखेकी नेपाली नारीलाई परिवर्तनकारी शक्तिका संवाहक बनाई परम्परित विवाहप्रथा र पितृसत्ताविरोधी नारीचेतनालाई अभिव्यक्ति दिएकी छिन्।

### १.६ निष्कर्ष

यस आलेखनको विवेच्य 'अग्रगामी' कथामा पनि कथाकार सिंहले कथाकी केन्द्रीय चरित्र उर्वराका माध्यमबाट एकातिर विवाहप्रथाजस्तो पितृसत्तात्मक व्यवस्थाका कारण नारीहरू उत्पीडन र दमनमा परिरहेको यथार्थलाई स्पष्टता दिएकी छिन् भने अर्कातिर वैयक्तिक स्वतन्त्रता, दृढता र आत्मनिर्भरताबाट नारीहरूको जीवन कति सुखद, प्रियकर र कर्तव्यमुखी बन्न सक्छ भन्ने सन्देश व्यक्त गरेकी छिन्। परम्परित पितृव्यवस्थाका कारण होनहार नारीपुस्ताले दुःख झेल्नुपरेको यथार्थलाई अभिव्यक्त गर्ने यस कथामा लैङ्गिकविभेदमा परेका नारीहरूको मनोभावनालाई प्रमुख चरित्र उर्वराका माध्यमबाट प्रष्ट पारिएको छ। नारीअस्मितामाथि कुचक्र चलाउने पुरुषवर्गको चरित्र र व्यवहारलाई नेपाली समाजअनुकूल बनाएर यस कथामा कथाकारले पति र ससुराले उर्वराप्रति गरेको दुर्व्यवहारलाई नारीउत्पीडनको पराकाष्टाका रूपमा प्रस्तुत गरेकी छिन्। नारीहरू शिक्षित हुँदा मात्र नारीअस्मिताको जगेर्ना, नारीमाथि हुने परम्परित शोषण, अपहेलना र तिरस्कारको खुलेर प्रतिकार हुन सक्छ भन्ने नारीचेतनामूलक विचारपक्षलाई यस कथामा स्थापित गरिएको छ। पितृसत्ताका आडमा हुने अनेक प्रपञ्चको खुलेर प्रतिकार र प्रतिरोध गर्दै उर्वराले झैँ अग्रगामी व्यवहार र चिन्तनलाई जीवनशैली बनाएर हिँडेका नारीहरूले मात्र समाजमा प्राचीन कालदेखि चलिआएको लैङ्गिक विभेद र हिंसालाई प्रतिस्थापन गर्न सक्छन् भन्ने नारीचेतनामूलक निष्कर्ष व्यक्त भएको यो कथा कथावस्तु, पात्रविधान र सारतत्त्वको उचित संयोजनबाट उत्कृष्ट र विचारमुखी बनेको छ।

### सन्दर्भिका


अधिकारी, ज्ञानु (सम्पा.). (२०७७). *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

अर्याल, अम्बिका (सन् २०२०). "समकालीन नेपाली कथामा नारीवादी चेतना". *स्कलर्स जर्नल.* पृ. २८३-२९८।

गड्तौला, नारायणप्रसाद (सन् २०१९). "नेपाली कवितामा नारीचेतना". *त्रि.वि. जर्नल.* खण्ड ३३. भाग २. पृ. १७१-१८६।

गौतम, लक्ष्मणप्रसाद तथा अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

गौतम, लक्ष्मण (२०७७). 'पद्मावती सिंहका प्रतिनिधि कथा'. *गोरखापत्र.* जेठ २४।

जादौन, वासुदेवसिंह (सन् २०१७). "नारीवादी सिद्धान्तों का विकास एवम् समकालीन समाज में नारीजीवन". *काव.* नई दिल्ली : काव पब्लिकेसन्स. १४४-१४८।

तामाङ, सविता (सन् २०१८). *पुष्प राईका उपन्यासको केन्द्रीयतामा नारीवादी नेपाली उपन्यासको अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. सिक्किम : सिक्किम विश्वविद्यालय।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन।

रानी, रेखा (सन् २०१२). *राजनैतिक सिद्धान्तों की परम्पराएँ : नारीवाद.* नई दिल्ली : दिल्ली विश्वविद्यालय।

रिजाल, दामोदर (२०७९). *ग्रिन टावेल* कथासङ्ग्रहमा नारीवादी चेतना. अप्रकाशित अध्ययनप्रबन्ध. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस. अनुसन्धान व्यवस्थापन समिति।

सिंह, पद्मावती (२०७६). *पद्मावती सिंहका प्रतिनिधि कथाहरू.* काठमाडौँ : रत्न पुस्तक भण्डार।